# नेपालका सहिदहरू

हुँदैन बिहान मिर्मिरे तारा झरेर नगए !
बन्दैन मुलुक दुई चार सपुत मरेर नगए ।।
–भूपि शेरचन (२०१९) जय पुर्खा

| क्र.सं. | सहिदको नाम | जन्म मिति | जन्म स्थान | सहादत मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | लखन थापा | वि.सं. १८९१ | गोर्खा | १९३३ फागुन २ | नेपालको प्रथम सहिद मानिने |
| २. | शुक्रराज शास्त्री | वि.सं. १९५० | बांगेमुडा, काठमाडौं | १९९७ माघ १० | स्वर्गको दरबार पुस्तक लेखे |
| ३. | धर्मभक्त माथेमा | १९६६ असोज ९ | ओमबहाल, काठमाडौं | १९९७ माघ १२ | शारीरिक सुगठनका बंगाल च्याम्पियन |
| ४. | गंगालाल श्रेष्ठ | वि.सं. १९७५ | रामेछाप | १९९७ माघ १४ | चार सहिदमध्ये कम उमेरमा सहिद हुने |
| ५. | दशरथ चन्द | १९६० असार | बास्कोट, बैतडी | १९९७ माघ १४ | सहिद माईला उपनामले चिनिने |

*(पुनश्चः माघ १२ र १४ गते मध्यरातमा घटना घटेकोले कतै कतै माघ १३ र १५ गते पनि उल्लेख पाइन्छ ।)*

- सहिद भनेको: - नेपाली शब्द कोष (नेपाल प्रज्ञा प्रतिष्ठान) अनुसार आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रताका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति
- सहिद दिवस मनाईने: - माघ १६ गते
- सहिद दिवस मनाउन शुरु गरिएको: - २०१२ माघ १६ देखि
- सहिद दिवस मनाउन शुरु गर्ने राजा: - राजा महेन्द्र
- नेपाली साहित्यका प्रथम सहिद: - सुब्बा कृष्णलाल अधिकारी
- नेपालको पहिलो न्यायाधीश सहिद: - रणबहादुर बम
- जिउँदो सहिद भनेर चिनिने: - टंक प्रसाद आचार्च
- काठमाडौं सहिद गेटमा चार सहिदको शालिकका डिजाइनर: - ई. शंकर रिमाल
- चार सहिद भन्दा माथि राखिएको मूर्ति कसको हो ? - राजा त्रिभुवनको

## प्रथम सहिद

- नेपालको प्रथम सहिद: - लखन थापा
- लखन थापाको जन्म: - वि.सं. १८९१ (गोर्खा)
- जङ्गबहादुरले लखन थापालाई मृत्युदण्ड दिएका: - १९३३ फागुन २
- लखन थापाले के भनेर विद्रोह थाले ? - जङ्गबहादुरलाई मार्न आफूले अवतार लिएको भन्दै
- जङ्गबहादुर मेरो लाससँगै सती जानेछ भन्ने: - लखन थापा
- नेपाल सरकारले लखन थापालाई सहिद घोषणा गरेको: - २०५६ फागुन २
- नेपाल सरकारले लखन थापालाई प्रथम सहिदको मान्यता दिएको: - २०७२ असोज ३

## शुक्रराज शास्त्री

- शुक्रराज शास्त्रीको जन्म: - वि.सं. १९५० मा
- शुक्रराज शास्त्रीको जन्म भएको: - बांगेमुडा, काठमाडौं
- शुक्रराज शास्त्री पक्राउ पर्नुको कारण: - जनचेतना जगाउने भाषण गरेको अभियोगमा
- वि.सं. १९९४ मा शुक्रराज शास्त्रीको अध्यक्षतामा गठन भएको समिति:- नागरिक अधिकार समिति

- शुक्रराज शास्त्रीलाई फाँसी दिइएको मिति: - १९९७ माघ १०
- शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिइएको: - टेकु पचलीको खरीको रुखमा
- नेपालका चार सहिद मध्ये प्रथम सहिद: - शुक्रराज शास्त्री
- स्वर्गको दरबार पुस्तकका लेखक: - शुक्रराज शास्त्री
- जय नेपाल शब्द प्रयोग गर्ने पहिलो व्यक्ति: - शुक्रराज शास्त्री
- "स्यावास छोरा, तँ धन्य छस्, तैले बाबुआमाको मात्र होइन देशकै गौरव बढाएको छस् । छोरा हुनु त तँ जस्तो।" भन्ने भनाई कसको हो ? - माधव राज जोशीको (शुक्रराज शास्त्रीका पिता)

## धर्मभक्त माथेमा

- धर्मभक्त माथेमाको जन्म: - १९६६ असोज ९
- धर्मभक्त माथेमाको जन्मस्थान: - ओमबहाल, काठमाडौंमा
- धर्मभक्त माथेमालाई लगाईएको अभियोग: - राजद्रोह
- धर्मभक्त माथेमालाई फाँसी दिईएको मिति: - १९९७ माघ १२ (राति)
- धर्मभक्त माथेमालाई फाँसी दिईएको स्थान: - सिफलको बकाइनो रुखमा
- शारीरिक सुगठनका बंगाल च्याम्पियन: - धर्मभक्त माथेमा
- राजा त्रिभुवनका व्यायाम प्रशिक्षक: - धर्मभक्त माथेमा

## गंगालाल श्रेष्ठ

- चार सहिद मध्ये सबैभन्दा कम उमेरमा सहिद हुने: - गंगालाल श्रेष्ठ (२२ वर्ष)
- गंगालाल श्रेष्ठको जन्म: - वि.सं. १९७५
- गंगालाल श्रेष्ठको जन्मस्थान: - रामेछाप
- गंगालाल श्रेष्ठ किन पक्राउ पर्नुको कारण: - राणा विरोधी पर्चा छर्दा
- गंगालाल श्रेष्ठलाई फाँसी दिइएको मिति: - १९९७ माघ १४ (राति)
- गंगालाल श्रेष्ठलाई मृत्युदण्ड दिइएको: - शोभा भगवतीमा गोली हानी

## दशरथ चन्द ठकुरी

- सहिद माईला उपनामले चिनिने: - दशरथ चन्द
- दशरथ चन्दको जन्म मिति: - वि.सं. १९६० असार
- दशरथ चन्दको जन्म जिल्ला: - बास्कोट, बैतडी
- दशरथ चन्दको वास्तविक नाम: - शेरबहादुर चन्द
- सेवा सिंह भन्ने छदम् नामबाट राणा विरोधी लेख छाप्ने: - दशरथ चन्द
- दशरथ चन्दलाई लगाईएको आरोप: - राजद्रोह
- दशरथ चन्दलाई मृत्युदण्ड: -१९९७ माघ १४ गते राति (गंगालालसँगै एउटै रुखमा मृत्युदण्ड)

## सहिदबारे थप

- वि.सं. २०४६ को जनआन्दोलनमा सहादत प्राप्त गर्ने: - १९ जना
- जनआन्दोलन-२ (२०६२।६३) मा सहादत प्राप्त गर्ने: - २६ जना
- जनआन्दोलन-२ का पहिलो सहिद: - उमेशचन्द्र थापा
- मधेश आन्दोलनका पहिलो सहिद: - रमेश महतो